### बीमा योग्य परिमाण/अधिकतम बीमाङ्क :
बाली बीमा गर्नका लागि न्यूनतम क्षेत्रफल पहाडमा ८ आना (आधा रोपनी) र तराई १ कठ्ठमा गरिएको खेती हुनुपर्नेछ। साथै बाली बीमाको अधिकतम बीमाङ्क रकम नेपाल सरकार कृषि मन्त्रालयको तथ्याङ्कका आधारमा बीमित र बीमकबाट मान्यता प्राप्त प्रविधिकले घोषणा गरेको बाली लगाउँदा देखि बाली पाक्दासम्म लाग्ने लागत मुल्य हुनेछ।

### बीमा शुल्क :
बीमा शुल्क दर ५% बीमाङ्क रकममा लाग्दछ सो सँग टिकट दस्तुर रु ५/का साथै मुल्य अभिवृद्धि कर (मू.अ.क) १३% समेत जोडेर बीमा शुल्क प्रति वर्ष तिर्नुपर्ने छ। उक्त बीमा शुल्कको २५% मात्र बीमितिले तिर्नुपर्नेछ र बांकी नेपाल सरकारको अनुदानबाट व्यहोर्ने छ।

### बीमा दाबी नलाग्ने अवस्था :
१. लापरवाहीको कारण, मनोरञ्जनको उद्देश्य र रिसइवीपूर्ण कारणबाट क्षति भएमा।
२. सरकारी निकायको आदेशमा बाली नष्ट गर्नुपर्ने भएमा।
३. बाली चोरी भएमा।
४. जग्गा ब्रिकी वा स्वामित्व हस्तान्तरण गरेको अवस्थामा।
५. युद्धजन्य कारणबाट बालीको क्षति भएमा।
६. आणविक विकरणबाट भएको हानि नोक्सानी।
७. झुट्टा विवरण दिई बीमा गरेको भएमा।

### बीमा गर्न चाहिने कागजातहरु :
बालीको बीमा गराउन बीमितले कम्पनीबाट उपलब्ध बीमा प्रस्ताव फारम पूर्ण रुपले भरीएको हुनुपर्ने छ। साथै बाली बीमा सम्वन्धित प्रविधिकबाट प्रमाणित बालीको विवरण हुनुपर्छ।

### दाबी गर्न चाहिने आवश्यक कागजातहरु :
बीमितले बाली हानी भएको १५ दिन भित्र सक्कल बीमालेख, पूर्ण रुपले भरे को दाबी फाराम, प्रविधिकबाट प्रमाणित हानि नोक्सानीको प्रतिवेदन, गा.वि.स., न.पा.वा वडाको सर्जमिन मुचुल्का पेश गर्नुपर्नेछ।

## घ. माछा बीमा

### बीमाका विषय वस्तु :
यस बीमा अन्तर्गत मासु तथा भुरा उत्पादनका लागि पालिने माछाको बीमा गरिन्छ।

### बीमालेखमा समावेश जोखिमहरु र दाबी भुक्तानीको सीमा :
आगलागी, चट्याङ्ग, भुकम्प, बाढी, डुवान, पहिरो वा भुस्खलन, आँधीबेरी, असिना, हिँउ वा तुसारो, आकस्मिक दुर्घटना जन्य बाह्य कारण, रोगबाट हुने हानी नोक्सानी, अक्सिजनको कमी, एमोनियाबाट हुने हानी नोक्सानी, विषालु पदार्थको कारणबाट मृत्यु भएमा बीमाङ्कको ९०% रकम सम्म दाबी भुक्तानी गरिनेछ।

### बीमा योग्य परिमाण/अधिकम बिमाङ्क :
माछा बीमा गर्नको लागि पोखरी/रेसवेमा भुर्रा राखेको १५ दिन भित्र गरि सक्नुपर्ने छ। पोखरी/रेसवे मत्स्य प्रविधिकले पालन योग्य भनि प्रमाणित गरेको र पानीको गुणस्तरलाई वांधित स्तरमा कायम राखको हुनुपर्ने छ। माछापालनको लागि पोखरी न्यूनतम २०० वर्ग मिटर र कम्तिमा ३ फिट पानीको गहिराई भएको हुनुपर्दछ तर ट्राउट माछाको हकमा प्रविधिकको सिफारिस अनुसारको संरचना भएको हुनुपर्दछ।

### बीमा शुल्क :
बीमा शुल्क दर २% बीमाङ्क रकममा लाग्ने छ सो सँग टिकट दस्तुर रु ५/का साथै मुल्य अभिवृद्धी कर (मू.अ.क) १३% समेत जोडेर बीमा शुल्क प्रति वर्ष तिर्नुपर्नेछ। साथै पोखरी/रेसवेको बीमा गर्न चाहेमा सो बीमाङ्क रकमको १% हुनेछ। उक्त बीमा शुल्कको २५% मात्र बीमितले तिर्नुपर्नेछ र बांकी नेपाल सरकारको अनुदानबाट व्यहोर्ने छ।

### बीमा दाबी नलाग्ने अवस्था :
१. लापरवाहीको कारण, मनोरंजनको उद्देश्य र रिसइवीपूर्ण कारणबाट क्षति भएमा।
२. सरकारी निकायको आदेशबाट नष्ट गर्नुपर्ने भएमा।
३. हराएमा वा चोरी भएमा।
४. बिक्री गरि स्वामित्व हस्तान्तरण भएमा।
५. युद्ध जन्य कारणबाट मृत्यु भएमा।
६. आणविक विवरणबाट भएको हानी नोक्सानी।
७. झुट्टा विवरण दिई बीमा गरेको भएमा।
८. जुन प्रयोजनको लागि ल्याएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग गरेमा।
९. पोखरी/रेसवे सफा गर्दा वा पानी थपघट गर्दा मरेमा।
१०. पोखरी/रेसवेको क्षमताभन्दा बढि पालन गरेमा।

### बीमा गर्न चाहिने कागजातहरु :
माछा बीमा गराउन बिमितले कम्पनीबाट उपलब्ध बीमा प्रस्ताव फारम पूर्ण रुपले भरिएको हुनुपर्ने छ। साथै सम्बन्धित प्रविधिकबाट बीमा गर्नको लागि योग्य भएको प्रमाणपत्र अनिवार्य रुपले संलग्न गर्नुपर्ने छ।

### दाबी गर्न चाहिने आवश्यक कागजातहरु :
माछाको मृत्यु भएको २ दिन भित्र बीमकलाई सूचित गर्नुपर्ने छ। ७ दिन भित्र सक्कल बीमालेख, पूर्ण रुपले भरेको दावी फाराम, प्राविधिकद्वारा प्रमाणित माछाको मृत्यु भएको प्रमाणपत्र, कम्तिमा २ जना छिमेकीको सरजमिन मुचुल्का, विषालु पदार्थबाट मृत्यु भएमा नेपाल सरकारबाट मान्यता प्राप्त प्रयोगशालाद्वारा प्रमाणित प्रमाणपत्र पेश गर्नुपर्ने छ।




**HIMALAYAN GENERAL INSURANCE CO. LTD.**

**HEAD OFFICE**
HGI House,Babar Mahal
977-1 4231788, 4213014
977-1 4241517
ktm@hgi.com.np

**BIRGUNJ**
Mahabir Sthan
051-525366
brj@hgi.com.np

**BIRATNAGAR**
Hanuman Das Road
021-531848
brt@hgi.com.np

**POKHARA**
Ratnapuri, Pardi
061-462100
pkrhgi@fewamail.com.np

**BUTWAL**
Milan Chowk, Rupandehi
071-550543
hgibtl@ntc.net.np

**LALITPUR**
Ekantakuna, Lalitpur
01-5001810
ltp@hgi.com.np

**KATHMANDU**
Babar Mahal, Kathmandu
01-4231581
durbarmarg@hgi.com.np

www.hgi.com.np


Himalayan General Insurance Co. Ltd.
हिमालयन जनरल ईन्स्योरेन्स कं. लि.



# कृषि बीमा

# कृषि बाली तथा पशुपंछी बीमा

कृषि बाली तथा पशुपंछी बीमाले कृषकहरुलाई आफ्नो व्यवसायमा विभिन्न कारणबाट हुने क्षतिको समयमा आर्थिक राहत प्रदान गर्दछ । यस अन्तर्गत निम्न बमोजिमका बीमाहरु गर्न सकिन्छ :

**क. पशुधन बीमा** **ख. पन्छी बीमा**
**ग. बाली बीमा** **घ. माछा बीमा**

## क. पशुधन बीमा

### बीमाका विषय वस्तु :

यस अन्तर्गत दुध, मासु, ब्रिडिङ्ग पशुश्रम, ऊन आदिका लागि पालिने पशु गाई, गोरु, भैसी, राँगो, साँडे, चौरी, याक, भेडा, बाखा, खसी, बोका, बंगुरहरुको बीमा गरिन्छ ।

### बीमालेखमा समावेश जोखिमहरु र दाबी भुक्तानीको सीमा :

पशुमा लाग्ने विभिन्न किसिमको रोगहरु, दुर्घटना तथा प्राकृतिक प्रकोप आदि जस्ता जोखिमहरुको कारणबाट मृत्यु वा पूर्ण रुपमा अशक्त भएमा निम्न बमोजिम दाबी भुक्तानीको सीमा रहेको छ ।

१. मृत्यु भएमा बीमाङ्कको ९०%
२. पूर्ण स्थायी अशक्त भएमा बीमाङ्कको ५०%

बीमाका लागि अधिकतम बीमाङ्क रकम र उमेर । (उल्लेख मुल्य वा वास्तविक मुल्य जुन कम हुन्छ सोही अनुसार बीमाङ्क रकम कायम गरिनेछ) ।

| | पशुधनको प्रकार | बीमाङ्क रकम (रु.) | | उमेर समुह |
|---|---|---|---|---|
| | | स्थानिय | उन्नत | |
| गाई | बाच्छी १ वर्षसम्मको | रु.१०,००० | रु.३०,००० | २-१० वर्ष |
| | बाच्छी १ वर्ष भन्दा माथि | रु.२५,००० | रु.७५,००० | |
| | दुधालु | रु.५०,००० | रु.१,५०,००० | |
| भैसी | पाडी १८ महिना सम्म | रु.१५००० | रु.३०,००० | ३-१२ वर्ष |
| | पाडी १८ महिना माथि | रु.३०,००० | रु.६०,००० | |
| | दुधालु | रु.७०,००० | रु.१,२५,००० | |
| चौरी | बाच्छी | रु.१२,००० | | ६ महिना-२ वर्ष |
| | कोरेली | रु.२५,००० | | |
| | दुधालु | रु.५०,००० | | |
| | बयस्क याक | रु.८०,००० | | |
| राँगो वा साँढे | प्रजननको लागि पालिएको | रु.७०,००० | | ३-७ वर्ष |
| | ढुंवानी र जोत्नको लागि | रु.४०,००० | | ३-१२ वर्ष |
| माउ,बाखा, भेडा, बंगुर | मासुको लागि पालिएका | मुल्य अनुसार | | ३ महिना देखि बिक्रीको लागि तयार हुने अवधि सम्म |
| | पाठा पाठीका लागि पालिएका | मुल्य अनुसार | | |

### बीमा शुल्क :

बीमा शुल्क दर ५% बिमाङ्क रकम (पशुको मूल्य) मा लाग्ने छ सो सँग टिकट दस्तुर रु. ५ का साथै मूल्य अभिवृद्धि कर (मु.अ.क) १३% समेत जोडेर बीमा शुल्क प्रति वर्ष तिर्नु पर्नेछ । उक्त बीमा शुल्कको २५% मात्र बीमितले तिर्नुपर्नेछ र बांकी नेपाल सरकारको अनुदानबाट व्यहोर्ने छ ।

### बीमा दावी नलाग्ने अवस्था :

१. हराएमा वा चोरी भएमा ।
२. निर्धारित अवधि भित्र दावी प्रकिया शुरु नगरेमा ।
३. बीमा शुल्क नबुझाएको अवस्थामा र नवीकरण गनुपर्ने बीमालेख समाप्त भएको ७ दिन भित्र नवीकरण नगरेमा ।
४. सङ्केत पट्टा मृत पशुधनको शरिरमा नभेटिएमा ।
५. सङ्केत पट्टा कुनै कारण विशेषले हराएमा सोको जानकारी तत्काल बीमक वा तोकिएको संस्थालाई नगराएमा ।
६. चरन, स्वास्थ्य उपचार र प्रजनन प्रयोजनको लागि मात्र गोठ देखि ५ किलो मिटर भन्दा वढीको दुरीमा दुर्घटना भएमा ।
७. जुन प्रयोजनको लागि ल्याएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग गरेमा ।
८. विक्री गरि स्वामित्व हस्तान्तरण भएमा ।
९. झुट्टा विवरण दिई बीमा गरेको भएमा ।

### बीमा गर्न चाहिने कागजातहरु :

पशुधनको बीमा गराउन बीमितले कम्पनीबाट उपलब्ध बीमा प्रस्ताव फारम पूर्ण रुपले भरी बीमा गराउने पशुहरुको विवरण खोल्नु पर्ने छ । साथै पशुधन बीमा स्वास्थ्य विवरणमा सम्बन्धित पशु चिकित्सक/प्रविधिक द्वारा प्रमाणित पशुको स्वास्थ्य विवरणहरु भराएको हुनुपर्छ ।

### दावी गर्न चाहिने आवश्यक कागजातहरु :

बीमा गरिएका पशुधनको मृत्यु वा पूर्ण अशक्त भएको ३ दिन भित्र बीमकलाई सुचित गर्नुपर्ने छ । १५ दिन भित्र सक्कल बीमालेख, पूर्णरुपले भरेको दावी फारम, पशुधनको मृत्यु दर्ताको प्रमाण पत्र, पशु प्रविधिक/चिकित्सकको प्रमाणित पत्र, कम्तिमा २ जना संधियारको सर्जमिन मुचुल्का र पशुधनमा लगाएको सङ्केत पट्टा पेश गर्नुपर्ने छ ।

*अन्य : सङ्केत पट्टा पशु चिकित्सक/प्रविधिकबाट लगाउनुपर्ने छ ।*

## ख. पन्छी बीमा

### बीमाका विषय वस्तु :

यस वीमा अन्तर्गत मासु, अण्डा र चल्ला उत्पादनका लागि पालिने कुखुरा र हाँसको बीमा गरिन्छ ।

### अधिकतम बीमाङ्क रकम :

पन्छीको बीमा गर्न सकिने अधिकतम रकम निम्न बमोजिम गरिएको छ ।

| | | |
|---|---|---|
| कुखुरा | ब्रोइलर (८ हप्ताको मासु उत्पादन गर्ने) | रु. ४०० |
| | लेयर्स (अण्डा पार्ने) | रु. ७०० |
| | हयाचरी (चल्ला पार्ने) | रु. १,२०० |
| हाँस | अण्डा पार्ने | रु. ७०० |
| | मासु उत्पादन गर्ने | रु. ६०० |

### बीमालेखमा समावेश जोखिमहरु र दाबी भुक्तानीको सीमा :

आगलागि, चट्याङ्ग, भुकम्प, बाढी वा डुवान, पहिरो वा भुस्खलन, आँधीवेरी, असिना, हिँउ वा तुसारो, आकस्मिक दुर्घटना जन्य वाहय कारण, रोगबाट हुने हानी नोक्सानीको कारणबाट मृत्युको हकमा बीमाङ्क रकमको ९०% दावी भुक्तानि गरिनेछ ।

### बीमा शुल्क :

यस पन्छी बीमाको लागि बीमा शुल्क निम्न बमोजिम रहेको छ :
बार्षिक रुपमा गरिएमा बीमाङ्कको ५% बीमा शुल्क लाग्नेछ । प्रति ब्याच (समूह) को बीमा गरिएमा प्रति ब्याच बीमाङ्कको १.२५% बीमा शुल्क लाग्नेछ र सो सँग टिकट दस्तुर रु ५ साथै मुल्य अभिवृद्धी कर १३% समेत जोडेर बीमा शुल्क प्रति वर्ष तिर्नुपर्ने छ । उक्त बीमा शुल्कको २५% मात्र बीमितले तिर्नुपर्नेछ र बांकी नेपाल सरकारको अनुदानबाट व्यहोर्ने छ ।

### बीमा दावी नलाग्ने अवस्था :

१. हराएमा वा चोरी भएमा ।
२. लापरवाही जानाजान मनोरञ्जनको उद्देश्यबाट, रिसइवीपूर्ण व्यवहारबाट मृत्यु भएमा ।
३. वर्डफ्लुको कारणबाट मृत्यु भएमा ।
४. सरकारी निकाय वा मान्यता प्राप्त कानुनी निकायको आदेशमा नष्ट गर्नुपर्ने भएमा ।
५. व्यावसायिक प्रयोजनका लागि पालिएका हकमा पन्छी गृहको ५० मिटर भन्दा बढीको दुरीमा र घरपालुवाको हकमा १ किलोमिटर भन्दा बढीको दूरीमा भएको दुर्घटना जन्य कारणबाट मृत्यु भएमा ।
६. व्यावसायिक रुपमा पालन गरिएको सम्बन्धमा कुल समुहको ५% सम्म मृत्यु भएमा र घरपालुवा रुपमा पालन गरिएको सम्वन्धमा एउटा पन्छीको मृत्यु भएमा ।
७. विक्री गरि स्वामित्व हस्तान्तरण भएमा ।
८. युद्ध जन्य कारणबाट मृत्यु भएमा र आणविक विकरणबाट भएको हानी नोक्सानी ।
९. झुट्टा विवरण दिई बीमा गरेको भएमा ।
१०. जुन प्रयोजनको लागि ल्याइएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग भएमा ।

### बीमा गर्न चाहिने कागजातहरु :

पन्छीको बीमा गराउन बीमितले कम्पनीबाट उपलब्ध बीमा प्रस्ताव फारम पूर्ण रुपले भरी बीमा गराउने पन्छीको विवरण खोल्नु पर्ने छ । साथै बीमा स्वास्थ्य विवरणमा सम्वन्धित प्रविधिक द्वारा प्रमाणित स्वास्थ्य विवरण भरेको हुनुपर्ने छ ।

### दावी गर्न चाहिने आवश्यक कागजातहरु :

बीमा गरिएको पन्छीको मृत्यु भएको २ दिन भित्र बीमकलाई सूचीत गर्नुपर्ने छ । ७ दिन भित्र सक्कल बीमा लेख, पूर्ण रुपले भरेको दावी फारम, प्राविधिकबाट प्रमाणित पन्छीको मृत्युका प्रमाणित प्रमाण पत्र, कम्तिमा २ जना संधियारको सर्जमिन मुचुल्का पेश गर्नुपर्नेछ ।

## ग. बाली बीमा

### बीमाका विषयवस्तु :

यस बीमा अन्तर्गत नीजि तथा व्यवसायिक प्रयोजनको लागि गरिने धान खेती, तरकारी खेती, आलु खेती र फलफुल खेतीको बीमा गरिन्छ ।

### बीमालेखमा समावेश जोखिमहरु र दाबी भुक्तानीको सीमा :

आगलागी, चट्याङ्ग, भूकम्प, बाढी वा डुवान, पहिरो वा भूस्खलन, असिना, हिउँ वा तुसारो, आकस्मिक दुर्घटना जन्य बाह्य करण, किरा तथा रोगबाट हुने हानि नोक्सानीबाट बालीको हानि नोक्सानी हकमा बीमाङ्कको ९०% रकम सम्म दावी भुक्तानी गरिने छ ।